युनाइटेड नेपाली ड्राइभिङ कम्युनिटी
काठमाडौं महानगरपालिका–०९, बागमती, नेपाल
दर्ता नं.: ३८३८७७/८२/८३

UNITED NEPALI DRIVING COMMUNITY
Kathmandu Metropolitan City -09 Bagmati, Nepal
Reg No: 383877/82/83

# UNDC अन्तर्गत सञ्चालन हुने दान तथा सहयोग संकलन सम्बन्धी नीति

## UNDC DONATION POLICY

UNDC को उद्देश्य कुनै एक व्यक्ति, समूह वा संस्थाको मात्र नभई सम्पूर्ण नेपालीहरूको साझा उद्देश्य भएकाले उक्त साझा उद्देश्यलाई सफल बनाउन प्रत्येक नेपालीको आफ्नो क्षमता र इच्छाअनुसार योगदान, सहभागिता तथा जिम्मेवारी रहने विश्वासका साथ UNDC अन्तर्गत सञ्चालन हुने Donation अभियानमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू, व्यवसायी, संघ–संस्था तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायलाई स्वेच्छिक रूपमा सहभागी भई सहयोग गर्न हार्दिक आह्वान गरिन्छ। यसै साझा उद्देश्य र सामूहिक जिम्मेवारीलाई आधार बनाई आकस्मिक तथा कठिन परिस्थितिमा सहयोग पुऱ्याउन र UNDC का दीर्घकालीन उद्देश्यहरू सफल बनाउन जम्मा तीन तहमा Donation (दान तथा सहयोगसंकलन गर्न सकिनेछ। (

१. COMMUNITY DEVELOPMENT DONATION सामुदायिक विकास दान
२. SOCIETY HELP DONATION समाज सहयोग दान
३. MEMBER HELP DONATION सदस्य सहयोग दान

## १. COMMUNITY DEVELOPMENT DONATION सामुदायिक विकास दान

नेपाली समुदायको दीर्घकालीन हित, सामुदायिक विकास तथा UNDC को मुख्य लक्ष्यअनुसार नेपालको यातायात क्षेत्रलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सुरक्षित, व्यवस्थित, प्रविधिमैत्री, उत्तरदायी तथा प्रभावकारी रूपमा सञ्चालन हुने प्रणालीको विकास गर्न आवश्यक कार्यक्रम तथा विकास परियोजनाहरू सञ्चालन, प्रवर्द्धन र कार्यान्वयन गर्न यो Donation संकलन गरिनेछ।

यस Donation मार्फत विशेषगरी सडक सुरक्षा, यातायात व्यवस्थापन, चालक तथा यातायात क्षेत्रमा कार्यरत जनशक्तिको सीप विकास, आधुनिक यातायात प्रविधिको प्रयोग, जनचेतना अभिवृद्धि तथा नेपालको यातायात प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको मापदण्डअनुसार विकास गर्ने दीर्घकालीन परियोजनाहरू सञ्चालन गर्न सहयोग पुऱ्याइनेछ।

**Donation निम्न कार्यमा मात्र प्रयोग गर्न सकिनेछ:**

**A,** Community Awareness Programs – सामुदायिक सचेतना कार्यक्रम
**B,** Road Safety Campaign – सडक सुरक्षा अभियान
**C,** UNDC Project Development – UNDC का विकास परियोजना
**D,** UNDC Main Goal Development – UNDC को मुख्य लक्ष्य प्राप्तिका लागि निर्धारित परियोजना

### A, Community Awareness Programs – सामुदायिक सचेतना कार्यक्रम

➔ UNDC संगठन विस्तारसम्बन्धी प्रारम्भिक कार्यक्रम
➔ UNDC को उद्देश्य तथा मुख्य लक्ष्यसम्बन्धी सचेतना
➔ सामुदायिक एकता तथा सहभागिता अभिवृद्धि कार्यक्रम
➔ सडक सुरक्षा तथा सुरक्षित यातायातसम्बन्धी जनचेतना
➔ UNDC का अभियान तथा परियोजनाबारे जानकारीमूलक कार्यक्रम

## B, Road Safety Campaign – सडक सुरक्षा अभियान

- ➔ सुरक्षित ड्राइभिङ तथा ट्राफिक नियमसम्बन्धी जनचेतना
- ➔ दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षा प्रवर्द्धन
- ➔ चालक, यात्रु तथा पैदलयात्रीको सुरक्षा सचेतना
- ➔ UNDC संगठन विस्तारसँग सम्बन्धित सडक सुरक्षा अभियान
- ➔ नेपालमा सुरक्षित तथा व्यवस्थित यातायात प्रणाली विकाससम्बन्धी अभियान

## C, UNDC Project Development – UNDC का विकास परियोजना

नेपालका ७ प्रदेश र ७७ जिल्लासम्म UNDC का परियोजना विस्तार गरी संगठनलाई बलियो र आत्मनिर्भर बनाउने, सदस्यहरूलाई रोजगारी तथा अवसरसँग जोड्ने र परियोजनाबाट प्राप्त आम्दानीलाई पुनः UNDC को मुख्य लक्ष्य पूरा गर्न प्रयोग गरिनेछ।

**यसअन्तर्गत निम्न परियोजनाहरू सञ्चालन गरिनेछन्:**

- ➔ Ride Sharing Service – नेपालका ७ प्रदेश र ७७ जिल्लामा
- ➔ Marketplace Service – नेपालका ७ प्रदेश र ७७ जिल्लामा
- ➔ Delivery Service – नेपालका ७ प्रदेश र ७७ जिल्लामा
- ➔ Festival Food Program – विदेशमा UNDC संगठन विस्तार भएका देशहरूमा

**NOTE: -** उक्त परियोजनाहरूमा कुनै पनि व्यक्तिले व्यक्तिगत रूपमा लगानी गर्न पाउने छैन र यस परियोजना हरुमा सदस्यता शुल्क, इच्छुक Donation माध्यम बाट मात्र संचालन गरिने छ र उक्त परियोजनाबाट प्राप्त नाफालाभांश पनि / व्यक्तिगत रूपमा वितरण गरिने छैन। परियोजनाबाट प्राप्त सम्पूर्ण आम्दानीUNDC को मुख्य लक्ष्य - **नेपालको यातायात** क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरको मापदण्डअनुसार सुरक्षित, व्यवस्थित तथा प्रविधिमैत्री रूपमा सञ्चालन गर्ने सम्बन्धी परियोजनाहरूमा मात्र पुनः लगानी गरिनेछ।

## D, UNDC Main Goal Development – UNDC को मुख्य लक्ष्य प्राप्तिका लागि निर्धारित परियोजना

नेपालमा हरेक वर्ष सडक दुर्घटनाका कारण ठूलो जनधनको क्षति भइरहेको अवस्थालाई न्यूनीकरण गर्दै नेपालको यातायात क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरको मापदण्डअनुसार सुरक्षित, व्यवस्थित, प्रविधिमैत्री र जिम्मेवार बनाउने UNDC को मुख्य लक्ष्य रहेको छ।

यसका लागि विदेशमा रहेर Driving तथा अन्य यातायातसम्बन्धी अन्तर्राष्ट्रिय स्तरको सीप, ज्ञान र अनुभव हासिल गरेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई संगठित रूपमा नेपाल प्रवेश गराई उहाँहरूको सीप र अनुभवलाई नेपालको यातायात क्षेत्र सुधारमा प्रयोग गर्ने नीति UNDC ले लिएको छ।

**यस मुख्य लक्ष्यअन्तर्गत निम्न परियोजनाहरू सञ्चालन गरिनेछन्:**

- ➔ Driving Training Center – चालकको सीप तथा दक्षता परियोजना
- ➔ Vehicle Testing Center – सवारी साधनको सुरक्षित तथा मापदण्डअनुसार परीक्षण परियोजना
- ➔ Vehicle Digital Monitoring System – सवारी साधनको डिजिटल निगरानी तथा व्यवस्थापन परियोजना
- ➔ Traffic Board Management System – ट्राफिक सूचना तथा संकेत व्यवस्थापन
- ➔ Smart Traffic Light System – प्रविधिमैत्री ट्राफिक बत्ती व्यवस्थापन
- ➔ Digital Transport Management System – यातायात व्यवस्थापनलाई डिजिटल तथा व्यवस्थित बनाउने

**NOTE: -** यी परियोजनाहरूको मुख्य उद्देश्य नेपालको यातायात क्षेत्रलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार सञ्चालन गर्न आवश्यक जनशक्ति, प्रविधि, प्रणाली र पूर्वाधारको विकास गर्नु हो।

## २. SOCIETY HELP DONATION समाज सहयोग दान

सम्पूर्ण UNDC सदस्यहरु लगायत नेपाली समाज तथा नेपाली नागरिकहरूलाई आइपर्ने आकस्मिक, आपतकालीन, विपद्, दुर्घटना, स्वास्थ्य सम्बन्धी समस्या, मृत्यु तथा अन्य कठिन परिस्थितिमा आवश्यक सहयोग तथा मानवीय सहायता प्रदान गर्न। उक्त बिषयको अनुदान रकम सङ्कलन गरिनेछ।

### Donation निम्न कार्यमा मात्र प्रयोग गर्न सकिनेछ:

☑ Medical Emergency – स्वास्थ्यसम्बन्धी आपतकालीन सहयोग

☑ Accident Support – दुर्घटना पीडितलाई सहयोग

☑ Emergency Financial Assistance – आपतकालीन आर्थिक सहायता

☑ Funeral Support – मृत्यु तथा अन्त्येष्टि सहयोग

☑ Crisis Response – संकट तथा विपद् व्यवस्थापन सहयोग

☑ Family Welfare Support – परिवार कल्याण तथा आवश्यक सहयोग

☑ Individual Emergency Support – व्यक्तिको आकस्मिक आपतकालीन सहयोग

**नोट:** उक्त Donation UNDC सदस्यमा मात्र सीमित रहने छैन। आवश्यकता र निर्धारित मापदण्डअनुसार सम्पूर्ण नेपाली नागरिक तथा उहाँहरूका परिवारलाई सहयोग गर्न सकिनेछ।

## ३. MEMBER HELP DONATION सदस्य सहयोग दान

UNDC का सदस्यहरुलाई परेको विशेष कठिनाइ, आपतकालीन अवस्था वा मानवीय आवश्यकतामा सहयोग गर्न यो Donation संकलन गरिनेछ।

### Donation निम्न कार्यमा मात्र प्रयोग गर्न सकिनेछ:

☑ सदस्यको Medical Emergency

☑ दुर्घटना तथा आकस्मिक अवस्था

☑ आपतकालीन आर्थिक सहायता

☑ गम्भीर संकटको अवस्थामा आवश्यक सहयोग

☑ अन्य स्वीकृत सदस्य आपतकालीन सहायता

### नोट: सहयोग माग तथा Donation संकलन प्रक्रिया

सदस्यहरु लाई सहयोग आवश्यक परेको अवस्थामा सम्बन्धित सदस्यले आफ्नो कार्यक्षेत्रमा रहेको र आफुलाई रेफरल गर्ने सदस्य द्वारा / समिति /उपसमितिलाई जानकारी गराउनुपर्नेछ। सम्बन्धित रेफरल सदस्य / समिति /उपसमितिले सदस्यको अवस्था, समस्या, आवश्यकताको प्रकृति तथा उपलब्ध प्रमाणहरू अध्ययन गरी आवश्यक सहयोगका लागि Approval/सिफारिस गर्नुपर्नेछ।

सम्बन्धित रेफरल सदस्य / उपसमिति/ समिति बाट स्वीकृति प्राप्त भएपछि उक्त विषयमा केन्द्रीय तहमा आधिकारिक पत्र तथा सम्पूर्ण आवश्यक विवरण पठाउनुपर्नेछ।

केन्द्रीय तहबाट प्राप्त प्रस्ताव तथा विवरणको आवश्यक अध्ययन र स्वीकृतिपछि MEMBER HELP DONATION अन्तर्गत सहयोग संकलन गर्न सकिनेछ। सम्बन्धित सदस्यको अवस्था तथा स्वीकृत प्रस्तावको आवश्यक विवरण UNDC को आधिकारिक MEMBER HELP DONATION माध्यममार्फत सार्वजनिक गरी Donation संकलन गरिनेछ।

यसरी संकलित Donation सम्बन्धित सदस्य तथा स्वीकृत सहयोगको उद्देश्यमा मात्र प्रयोग गरिनेछ। Donation संकलन, स्वीकृति, खर्च तथा सम्बन्धित सम्पूर्ण विवरणको आधिकारिक अभिलेख UNDC को प्रणालीमा राखिनेछ र आवश्यकतानुसार UNDC को नीतिगत तथा सार्वजनिक प्रतिवेदनसमेत प्रकाशित गरिनेछ।

## Donation को मूल नीति

### १. उद्देश्यअनुसार मात्र खर्च

UNDC अन्तर्गत संकलन गरिने प्रत्येक Donation स्पष्ट उद्देश्य तथा विषय तोकी संकलन गरिएको छ । जुन उद्देश्य वा विषयका लागि Donation संकलन गरिएको हो, संकलित रकम सोही उद्देश्य वा विषयमा मात्र खर्च गरिनेछ। एउटा Donation शीर्षकअन्तर्गत संकलन भएको रकमलाई अर्को Donation शीर्षक वा अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

### २. रकमको उद्देश्य परिवर्तन गर्न नपाइने

☑ UNDC अन्तर्गत संकलन भएको Donation सम्बन्धित Subject, Purpose र Approved Activity का लागि मात्र प्रयोग गरिनेछ। Donation को उद्देश्य परिवर्तन गरी अर्को शीर्षकको प्रयोजनमा खर्च गर्न पाइने छैन।

☑ Donation को संकलनमा व्यक्तिगत रूपमा By Hand रकम लेनदेन गर्न पाइने छैन। UNDC द्वारा स्वीकृत आधिकारिक Website तथा Digital Payment माध्यमबाट प्राप्त भएको रकमलाई मात्र UNDC को आधिकारिक Donation का रूपमा मान्यता दिई UNDC को अभिलेखमा राखिनेछ।

### ३. DONATION पारदर्शिता तथा आय–व्ययको सार्वजनिक प्रतिवेदन

☑ प्रत्येक Donation को संकलन, खर्च, लाभग्राही तथा बाँकी रकमको छुट्टाछुट्टै अभिलेख राखिनेछ।
☑ UNDC अन्तर्गत संकलन हुने सम्पूर्ण Donation तथा UNDC का विभिन्न स्वीकृत कार्यक्रम, सेवा तथा परियोजनाबाट प्राप्त हुने सम्पूर्ण आय–व्ययको विवरण नियमित रूपमा अभिलेख गर्नुपर्ने छ।

☑ UNDC को पारदर्शिता, जवाफदेहिता तथा सदस्य तथा नेपाली समुदायप्रतिको जिम्मेवारी सुनिश्चित गर्न सम्पूर्ण Donation संकलन, प्राप्त आय, खर्च तथा बाँकी रकमको विवरण मासिक तथा वार्षिक रूपमा तयार गरी UNDC को आधिकारिक News & Announcement मार्फत सार्वजनिक गर्नुपर्ने छ।

**सार्वजनिक गरिने प्रतिवेदनमा आवश्यकतानुसार:**

- ✓ Donation को प्रकारअनुसार संकलित रकम
- ✓ सम्बन्धित Donation अन्तर्गत भएको खर्च
- ✓ परियोजना तथा कार्यक्रमबाट प्राप्त आय
- ✓ परियोजना तथा कार्यक्रमको खर्च
- ✓ बाँकी रकम
- ✓ सम्बन्धित परियोजना तथा सहयोगको संक्षिप्त विवरण
- ✓ अन्य आवश्यक आर्थिक विवरण

**Note:** यसरी UNDC अन्तर्गत संकलन तथा परिचालन हुने रकमको पारदर्शिता, उत्तरदायित्व र आधिकारिक अभिलेख कायम गर्दै सदस्य तथा सम्पूर्ण नेपाली समुदायलाई UNDC को आर्थिक गतिविधिबारे नियमित जानकारी उपलब्ध गराइनेछ।

## ४. UNDC को नियमित प्रशासनिक खर्च

☑ Donation बाट संकलित रकम UNDC को आवश्यक सामान्य प्रशासनिक तथा नियमित सञ्चालन खर्चमा प्रयोग गर्न सकिनेछ। जस्तै: कर्मचारी तलब, कार्यालय भाडा, प्रचार–प्रसारका सामग्री तथा आवश्यक प्रशासनिक खर्च।

☑ समिति भत्ता, पदाधिकारी भत्ता, बैठक भत्ता, व्यक्तिगत सुविधा वा कुनै पनि प्रकारको व्यक्तिगत लाभका लागि Donation रकम प्रयोग गर्न पाइने छैन।

## ५, Donation दुरुपयोगमा कडा कारबाही

☑ UNDC अन्तर्गत संकलित Donation रकमको दुरुपयोग, हिनामिना, व्यक्तिगत प्रयोजनमा प्रयोग, अनधिकृत रूपमा संकलन, गलत विवरण प्रस्तुत गरी रकम संकलन, स्वीकृत उद्देश्यबाहेक अन्य प्रयोजनमा खर्च वा व्यक्तिगत लाभका लागि प्रयोग गरेको प्रमाणित भएमा सम्बन्धित व्यक्ति, पदाधिकारी, सदस्य वा समितिमाथि कडा अनुशासनात्मक तथा कानुनी कारबाही गरिनेछ।

☑ दुरुपयोग भएको सम्पूर्ण रकम सम्बन्धित व्यक्ति वा जिम्मेवार पक्षबाट अनिवार्य रूपमा असुलउपर गरिनेछ। आवश्यकताअनुसार सम्बन्धित व्यक्तिको UNDC पद, जिम्मेवारी तथा सदस्यता समेत निलम्बन वा खारेज गर्न सकिनेछ।

☑ Donation सम्बन्धी आर्थिक अनियमितता प्रमाणित भएमा सम्बन्धित व्यक्तिलाई UNDC का कुनै पनि आर्थिक, प्रशासनिक वा व्यवस्थापकीय जिम्मेवारीबाट हटाउन सकिनेछ।

☑ गम्भीर प्रकृतिको दुरुपयोग, ठगी, हिनामिना वा आर्थिक अपराध देखिएमा UNDC ले प्रचलित कानूनबमोजिम सम्बन्धित सरकारी तथा कानुनी निकायमा उजुरी/जानकारी गराई कानुनी कारबाही अगाडि बढाउन सक्नेछ।

Donation रकमको दुरुपयोगलाई UNDC ले गम्भीर आर्थिक तथा संस्थागत अपराधका रूपमा लिनेछ र Donation मा शून्य सहनशीलता (Zero Tolerance) को नीति अवलम्बन गरिनेछ।